"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल

## प्रेस विज्ञप्ति

१. बिगत केही महिनादेखि मध्यपूर्वमा जारी रहेको युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढावका कारण इण्डियन आयल कर्पोरेशनबाट प्राप्त मूल्य अनुसार स्वचालित मूल्य प्रणाली बमोजिम मूल्य समायोजन हुन नसकेको विषय सबैमा जानकारी नै छ।

२. इण्डियन आयल कर्पोरेशनबाट मिति २०८३/०५/३० मा प्राप्त नयाँ खरिद मूल्य बमोजिम पेट्रोलमा प्रति लिटर रु. १२।४० ले र डिजेलमा प्रति लिटर रु.४।६८ ले बढेर आएता पनि भोटेकोशीमा आएको असाधारण बाढीका कारण सिर्जित परिस्थितिलाई मध्यनजर गरी निगम सञ्चालक समितिको निर्णयानुसार मिति २०८३/०५/३१ (१६ सेप्टेम्बर, २०२६) को बिहान ००:०१ बजेदेखि लागू हुनेगरी साबिकको खुद्रा बिक्री मूल्यलाई नै **यथावत** राखिएको छ ।

३. पेट्रोलियम पदार्थको हकमा निगमको डिपो/कार्यालय देखि १५ किलोमिटर तथा एल.पि. ग्यासको हकमा उद्योग देखि ५० किलोमिटर सम्मका लागि देहाय बमोजिम मूल्य कायम गरिएको छ ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | हालको खुद्रा बिक्री मूल्य रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १९७।५० | १९९।०० | २००।०० |
| २. | डिजेल/मट्टितेल | १९७।५० | १९९।०० | २००।०० |
| ३. | हवाई इन्धन (आन्तरिकतर्फ) | २४९।०० | | |
| ४. | हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ प्रति किलो लिटर) | $ १६९७ (काठमाडौं तर्फ) | | |
| ५. | एल.पि. ग्यास | २०६० (१४.२ के.जि) | | |

*नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।*
*दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।*
*तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।*

४. यसरी पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य यथावत राख्दा तथा पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा निरन्तर बृद्धि भई सोही बमोजिम मूल्य समायोजन नहुँदा निगमलाई पाक्षिक रुपमा हालको स्थितिमा रु. **१ अर्ब ९१ करोड ६९ लाख घाटा** हुने देखिन्छ ।

धन्यवाद।
२०८३ भाद्र ३० गते मंगलबार ।
ने.सं ११४६ यंलाथ्व।

सह-प्रवक्ता